आज मिति २०८१ असोज ११ गते शुक्रबारका दिन बिहान ठीक ८:०० बजे राइनास नगरपालिकाको वैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुका उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम, राइनास नगर कार्यपालिकाको ६१ औं नियमित वैठक बसी पूर्व निर्धारित छलफलका बिषयसूची (Agendas) उपर बिस्तृत छलफल भई निम्नानुसार निर्णय समेत भयो।

उपस्थितिः

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर कामी | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

अन्य उपस्थितिः

वैठक व्यवस्थापकः शर्मिला अधिकारी

प्राविधिक शाखाः मन्जु भण्डारी

## मिति २०८१/०६/११ गतेको नगरकार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं. १**

आउदै गरेको नेपालीहरुको महान चाड बडा दशैको अवसरमा नगर कार्यपालिका परिवारको तर्फबाट शुभकामना व्यक्त गर्ने निर्णय भयो।

**निर्णय नं. २**

राइनास नगरपालिका भित्र सुरक्षा कार्यका लागि खटिएका सुरक्षाकर्मीहरुलाई आन्तरिक सुरक्षा व्यवस्थापन कार्यमा खटिँदा इन्धन इन्धन लगायतका विषयका व्यवस्थापनका लागि तपशिल बमोजिम खर्च उपलब्ध गराउने निर्णय भयो।

| | |
|---|---|
| तीनपिप्ले प्रहरी चौकी | रु १५,०००/- |
| धमिलिकुवा प्रहरी चौकी | रु १०,०००/- |
| तार्कुघाट प्रहरी चौकी | रु १०,०००/- |
| बोराडखोला प्रहरी बिट | रु १०,०००/- |

**निर्णय नं ३**

राइनास नगरपालकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ५ द्रष्टव्य नं १ मा उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वका उपकरणको प्रमाणपत्र पेश गर्नुपर्ने भन्ने रहेकोमा अब उप्रान्त २ वर्ष सम्म भाडा सम्झौता भएका व्यवसायीलाई इजाजत पत्र दिने निर्णय भयो।

**निर्णय नं ४**

पुर्व निर्मित भवन नियमित तथा अभिलेखिकरण कार्यविधि, २०८१ कार्यविधि वडा कार्यालयलाई प्राविधिक शाखाले पठाई वडा अध्यक्षहरुले अध्ययन गरी आगामी कार्यपालिका बैठकमा राय प्रतिक्रिय सहित पेश गर्ने निर्णय भयो।

**निर्णय नं ५**

मुख्यमन्त्री साझेदारी कार्यक्रम र खानेपानी तथा सरसफाई सम्बन्धी Wash up सम्झौता सम्वन्धमा कार्यपालिकामा जानकारी गराइयो।

**निर्णय नं ६**

नदीजन्य पदार्थको उत्खनन सम्बन्धी दोस्रो पटक सूचना प्रकाशन गर्दा ठेक्का नं. १४/राइनास/०८१/०८२ चेपेननदी ध्याउसे, गंगटे घाटको मात्र ठेक्का लागि सम्झौताको प्रकृयामा रहेको हुँदा बाँकी घाटहरुको IEE प्रतिवेदनले तोकेको, प्रदेश आर्थिक ऐन २०८१ ले निर्धारण गरेको रेट अनुसार हुन आउने सम्वन्धित घाटहरुको मूल्यमा १०% घटाई पुनः ठेक्काका लागि आह्वान गर्ने निर्णय भयो।

**निर्णय नं ७**

राइनास नगरपालिका कार्यालयमा घ बर्गको निर्माण व्यवसाय ईजाजतका लागि निवेदन दिएका तपसिलका व्यवसायीलाई प्राविधिक शाखाबाट आवश्यक पूर्वाधार जनशक्ति पूरा भएको भनि प्रतिवेदन प्राप्त भएकाले सोहीबमोजिम तोकिएको राजस्व लिई निर्माण व्यवसायी ईजाजतपत्र दिने निर्णय भयो।

| क.सं. | निर्माण व्यवसायी | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १ | गोरखा लमजुङ निर्माण सेवा | रा.न.पा.-४ | ९७४६४४०५७४ |
| २ | सरस्वती निर्माण सेवा सप्लायर्स | रा.न.पा.-६ | ९८५५०५१९६० |

<u>निर्णय नं. ८</u>

राइनास नगरपालिका अन्तर्गत तार्कुघाट आयुर्वेद औषधालयको भवन निर्माणाधिन रहेका हुँदा उक्त आयुर्वेद औषधालय राइनास नगरपालिका वडा नं. ८ निवासी श्री कोपिल रानाभाटको घरमा रहेको हुँदा २०८१ कार्तिक मसान्तसम्मका लागि उक्त भाडा सम्झौतालाई निरन्तरता दिने निर्णय भयो।

<u>निर्णय नं. ९</u>

राइनास नगरपालिका वडा न ५ निवासी श्री शंकर राज पोखरेलको घरको भुई तला राइनास नगरपालिकाको कार्यालयबाट भाडा सम्झौता भई मिति २०८१ असार मसान्तसम्मका लागि सम्झौता भएको हुँदा उक्त भाडा सम्झौता २०८१ पौष मसान्तसम्मका लागि निरन्तरता दिने निर्णय भयो।

<u>निर्णय नं. १०</u>

राइनास नगरपालिका वडा न ५ निवासी श्री अनुजा खनाल पाण्डेको घरको एक तला राइनास नगरपालिकाको कार्यालयबाट भाडा सम्झौता भई मिति २०८१ असोज मसान्तसम्मका लागि सम्झौता भएको हुँदा उक्त भाडा सम्झौता २०८१ पौष मसान्तसम्मका लागि निरन्तरता दिने निर्णय भयो।

<u>निर्णय नं. ११</u>

राइनास नगरपालिकाले आ.व. २०८१/०८२ का लागि विज्ञापन कर बापत न्यूनतम रु ५०,०००/-(पचास ०००/-(एक लाख) राखि राजस्व संकलनको ठेक्का खोल्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय भयो।

<u>निर्णय नं. १२</u>

राइनास नगरपालिकाको लागि आ.ब. २०८१/०८२ मा उज्यालो पालिका शिर्षकमा विनियोजन भएको रुकम रु २०,००,०००/- (अक्षरुपी रु बीस लाख रुपैयाँ मात्र) बाट सडक बत्ती जडान गर्न लागिएकोमा उक्त रकमबाट चाडपर्व अगाडिनै बत्ती बाल्नका लागि सामानहरुको Category फरक पर्ने cluster बनाई उत्पादक वा आधिकारीक बिक्रेताहरुबाट दररेट माग गरी न्यूनतम कबोल गर्ने प्रस्तावदाताबाट सामान खरिद गरी नगरपालिकाबाटै जडान गर्ने कार्य सम्पन्न गर्नका लागि कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय भयो।